# नौबहिनी गाउँपालिकाको

# आ.व. २०८३।०८४ को

## वार्षिक नीति तथा कार्यक्रम

प्रस्तुत कर्ता

दिल बहादुर थापा

अध्यक्ष

## २०८३।०३।०९ गते रोज ३ शुभम् ।।।

**<u>गाउँसभाका सदस्यज्यूहरू,</u>**

१. २०७९ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा नौबहिनीवासी आम नागरिकको अमूल्य मतदान पश्चात गठन भएको यस सरकारको कार्यकाल ४ वर्ष पुगेको सुखद अवसरमा सञ्चालन हुन लागेको नौबहिनी गाउँसभाको २० औं अधिवेशनको प्रथम बैठकमा गाउँसभा अध्यक्षको हैसियतले संबोधन गर्न पाउँदा अत्यन्तै गौरवान्वित र खुसी महसुस भएको छ।

२. यस अवसरमा २०८२ भाद्रमा भएको नवयुवा आन्दोलन, मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ भएका विभिन्न देशभक्तिपुर्ण आन्दोलन लगायतका संघर्षमा देश र जनताका लागि प्राण उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली तथा उहाँहरुको परिवारजनमा उच्च सम्मान प्रकट गर्दछु।

३. नौबहिनी सरकारले अवलम्बन गरेको **"सभ्य, समृद्ध र सुखी नौबहिनी"को** दीर्घकालीन सोच प्राप्तिका लागि समर्पित सम्पूर्ण जनप्रतिनिधिहरु, पुर्व जनप्रतिनिधीहरु, राजनैतिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, नागिरिक समाज, सुरक्षाकर्मी, सञ्चारकर्मीहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु। आगामी दिनहरुमा समेत सोही प्रकारको सहयोगको अपेक्षा गर्दछु। नौबहिनी सरकारको वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा विभिन्न तह र तप्काबाट अमूल्य सुझाव प्रदान गर्नुहुने सम्पुर्ण नौबहिनीवासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु लगायत सबैप्रति हार्दिक कृतज्ञता सहित धन्यबाद व्यक्त गर्दछु।

४. सभाका सदस्यहरु, संघीय शासन प्रणाली अन्तर्गत गठित दोस्रो स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि पाँचौ वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गरिरहँदा राष्ट्रिय तथा अन्तराष्ट्रिय परिघटनाहरुले सिर्जना गरेका चुनौतिहरुको सामना गरिरहेका छौं। यस चुनौतिपुर्ण आर्थिक परिस्थितिकाबीच सीमित स्रोत साधन र नागरिकका असिमित अपेक्षाहरुको सन्तुलन मिलाउँदै गाउँपालिकाको आगामी नीति तथा कार्यक्रम निर्माण गर्नुपर्ने अवस्था छ।

५. प्युठान जिल्लाको गौरवको रुपमा रहेको जिल्लाकै अग्लो शिखर कोठीभिरले सजिएको हाम्रो नौबहिनी, आज जनप्रतिनिधि र नागरिकको साझा बुझाइ, अथक मिहिनेत र रूपान्तरणको चाहनाका कारण **सुखी र समृद्ध** बन्ने दिशामा अगाडि बढिरहेको छ। यस सकारात्मक परिवर्तनका लागि सहकार्य गर्ने संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार संस्थाहरू, क्रियाशील राजनीतिक दलहरू र अहोरात्र खटिने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीमा म हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

६. विगतका कार्यसम्पादन र अनुभवहरुरूको गम्भीर समीक्षा गर्दै आगामी दिनमा जनअपेक्षा अनुरूपको अझ बढी गतिशील, पारदर्शी र दिगो विकासको प्रतिफल जनताको घरदैलोमा पुर्‍याउनु हाम्रो मुख्य ध्येय हुनेछ। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यसै मार्गचित्रमा केन्द्रित रहनेछ।

**गाउँसभाका सदस्यज्यूहरू,**

अब म यस गरिमामय सभासमक्ष आर्थिक वर्ष **२०८३/८४** को नीति तथा कार्यक्रमका मुख्य उद्देश्यहरू संक्षेपमा प्रस्तुत गर्न गर्दछु।

१. **पूर्वाधारको विकासः** पालिकास्तरीय गौरवका सडक आयोजनाहरूको द्रुत विकास गरी नौबहिनीको आर्थिक र भौतिक समृद्धिको बलियो आधार तयार गर्ने।

२. **जनमुखी सेवा प्रवाहः** सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री, छिटो-छरितो र सुशासनयुक्त बनाई समाजका सबै वर्ग र तप्काका नागरिकका लागि सहज एवं सर्वसुलभ पहुँच सुनिश्चित गर्ने।

३. **वित्तीय आत्मनिर्भरताः** राजस्व प्रशासनलाई पूर्ण रूपमा पारदर्शी एवं डिजिटल बनाउँदै राजस्व चुहावट न्यूनीकरण गर्ने र आगामी दिनमा गाउँपालिकालाई आन्तरिक स्रोतमा आत्मनिर्भर बनाउँदै लैजाने।

४. **कृषिको व्यवसायीकरणः** परम्परागत र निर्वाहमुखी खेती प्रणालीलाई आधुनिक प्रविधिमा अनुदानमार्फत विस्थापित गर्दै, स्थानीय कृषकहरूलाई व्यावसायिक उत्पादन र बजार सञ्जालसँग आबद्ध गर्ने।

५. **विपद् व्यवस्थापनः** प्रकोपजन्य र वातावरणीय जोखिमहरूको पूर्वानुमान तथा न्यूनीकरण गरी नागरिकहरूको जिउधनको सुरक्षाको भरपर्दो प्रबन्ध मिलाउने।

६. **रोजगारी सिर्जनाः** स्थानीय श्रम, सीप र साधनको उपयोगमार्फत आन्तरिक रोजगारीका अवसरहरू सिर्जना गरी नागरिकहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने।

७. **दिगो विकासको लक्ष्यः** नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा प्रतिबद्धता जनाएको सन् २०३० सम्मको 'दिगो विकास लक्ष्य' (SDGs) लाई स्थानीयकरण गर्दै सोही अनुरूपका योजना र रणनीतिहरू तर्जुमा गर्ने।

**सभाका सदस्यज्यूहरू,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न कानुनी, नीतिगत तथा व्यावहारिक आधारहरूलाई पूर्ण रूपमा आत्मसात गरिएको छ।

- नेपालको संविधान, २०७२ को अनुसूची ८ र ९ मा व्यवस्था गरिएका स्थानीय तहको एकल तथा साझा अधिकारको सूची।
- संविधानप्रदत्त मौलिक हकहरूको कार्यान्वयनको सुनिश्चितता।

- नेपालको संविधानको भाग ४ अन्तर्गतका राज्यका निर्देशक सिद्धान्त, आर्थिक-सामाजिक विकास, प्राकृतिक स्रोतको समन्यायिक उपयोग एवं वातावरण संरक्षण सम्बन्धी नीतिहरू; संविधानको धारा ५९ रहेको आर्थिक अधिकार क्षेत्र र भाग १९ को आर्थिक कार्यप्रणाली।
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन (**Report on Unbundling of Functions)** ।
- संघीय सरकारको १६ औं आवधिक योजनाले अङ्गीकार गरेका दीर्घकालीन नीति, लक्ष्य तथा प्राथमिकताहरू।
- संघीय तथा प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक, वित्तीय तथा मौद्रिक नीतिहरू
- नेपालले अन्तर्राष्ट्रिय जगतमा प्रतिबद्धता जनाएका मानव अधिकार, वातावरण र विकास सम्बन्धी सन्धि-सम्झौताहरू।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा सो अन्तर्गत बनेका स्थानीय कानुन, कार्यविधि, नियमावली र निर्देशिकाहरू।
- स्थानीय तहको बस्तुस्थिति र आवश्यकता सम्बन्धमा तयार भएका विभिन्न क्षेत्रगत अध्ययन तथा प्रतिवेदनहरू।
- नेपाल सरकारका विषयगत तथा क्षेत्रगत रणनीतिहरू।
- स्थानीय समुदाय, टोल र बस्तीस्तरमा गरिएका व्यापक छलफल, नागरिकस्तरबाट उठेका वास्तविक आवश्यकता, अपेक्षाहरू एवं वडा समितिहरूबाट प्राप्त प्राथमिकता प्राप्त योजनाका सिफारिसहरू।

अब म यसै नीति तथा कार्यक्रमका आधारमा गाउँकार्यपालिकाले आगामी आर्थिक वर्षमा कार्यान्वयनमा ल्याउन तय गरेका क्षेत्रगत, बुँदागत र रणनीतिक नीतिगत व्यवस्थाहरू विस्तृत रूपमा प्रस्तुत गर्न चाहन्छु।

## सामाजिक विकासतर्फः

### ➢ शिक्षा तथा खेलकुद

१. गाउँपालिकाभित्रका माध्यमिक, निम्न माध्यमिक, प्राथमिक र बालविकास (ECD) तहका विद्यालयहरूमा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन र शिक्षक अभाव हुन नदिन गाउँपालिका शिक्षण अनुदान कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

२. शैक्षिक रूपान्तरणका लागि शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धि गर्न आधुनिक प्रविधि र सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने गरी क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३. विद्यालयहरूको सिकाइ उपलब्धि र नतिजाको आधारमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यालयहरूलाई प्रोत्साहन अनुदान उपलब्ध गराई शैक्षिक गुणस्तर र स्वस्थ प्रतिस्पर्धाको वातावरण निर्माण गरिनेछ।

४. शिक्षामा अभिभावकको भूमिका र उत्तरदायित्व सुनिश्चित गर्न, तथा घर र विद्यालयबीचको सम्बन्ध मजबुत बनाउन पालिकाव्यापी रूपमा सचेतना अभियान सञ्चालन गरिनेछ।

५. बालविकास (ECD) केन्द्रहरूका लागि पर्याप्त शैक्षिक तथा स्वास्थ्य सामग्री उपलब्ध गराइनेछ। साथै, प्राथमिक तहका बालबालिकाको दृश्य सिकाइ (**Visual Learning**) प्रवर्द्धनका लागि विद्यालयहरूमा भित्ते लेखन कार्यक्रमलाई जोड दिइनेछ।

६. विद्यार्थीहरूको सिकाइ उपलब्धिको नियमित लेखाजोखा र मूल्याङ्कन गर्नका लागि कक्षा ६ देखि कक्षा १० सम्म मासिक परीक्षा सञ्चालन गर्ने विद्यालयहरूलाई निरन्तर आर्थिक तथा प्राविधिक अनुदान प्रदान गरिनेछ।

७. आधारभूत तह (कक्षा ८) को उत्तीर्ण परीक्षा सञ्चालनलाई थप व्यवस्थित, मर्यादित र विश्वसनीय बनाउन आवश्यक बजेट तथा प्रशासनिक व्यवस्था मिलाईनेछ।

८. युवा तथा विद्यार्थीहरूमा खेलकुदको विकास गर्न माध्यमिक विद्यालयहरूलाई आवश्यक खेलकुद सामग्री वितरण गरिनेछ। साथै, पालिका तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा खेलाडीहरूको सहभागिता र खेल पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।

९. **"उज्यालो भविष्य"** कार्यक्रम अन्तर्गत समाजका असहाय, अनाथ, दलित तथा विपन्न वर्गका बालबालिकाहरू शिक्षाको अवसरबाट वञ्चित हुन नपरोस् भनी विशेष शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

१०. महिला शिक्षकहरू सुत्केरी बिदामा बस्दा वा अन्य लामो बिदामा रहँदा विद्यार्थीहरूको दैनिक पठनपाठनमा बाधा नपुगोस् भन्नका लागि **सट्टा शिक्षक**को व्यवस्था गरी शैक्षिक क्षति पुर्ति गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११. स्थानीय पहिचान, संस्कृति र आवश्यकतालाई समेट्न स्थानीय पाठ्यक्रमको परिमार्जन तथा पाठ्यपुस्तक लेखन गरिनेछ। साथै, मातृभाषाको संरक्षणका लागि **"मगरभाषाको पाठ्यक्रम निर्माण"** कार्य अगाडि बढाइनेछ।

१२. पठनपाठन र जग कमजोर भएका विद्यार्थीहरू पहिचान गरी उनीहरूको न्यूनतम जग बलियो बनाउनका लागि विद्यालयहरूमा **"ब्याक-टु-बेसिक"** (**Back to Basics**) **उपचार कक्षा** (**Remedial Classes**) सञ्चालन गरिनेछ।

१३. विद्यार्थीहरूलाई व्यावहारिक, सीपमूलक र आत्मनिर्भर बनाउन **"कमाउँदै पढ्दै"** अवधारणा अनुरूप **"उद्यमी विद्यार्थी"** कार्यक्रम सञ्चालन गरिनेछ, जसले स्थानीय उत्पादन र श्रमको सम्मान गर्न सिकाउनेछ।

१४. विद्यालयहरूको प्रशासनिक तथा शैक्षिक क्रियाकलापलाई चुस्त दुरुस्त राख्न, र विनियोजित बजेटको सही सदुपयोग सुनिश्चित गर्न नियमित रूपमा विद्यालय अनुगमन तथा कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई सुदृढ गरिनेछ।

१५. संघीय सशर्त अनुदान अन्तर्गतका विद्यालय कर्मचारी बालविकास सहजकर्ताहरूलाई पालिकाद्वारा घोषणा गरिएको तलब व्यवस्थालाई निरन्तरता दिई शिक्षकहरूको मनोबल उच्च राखिनेछ।

१७. माध्यमिक विद्यालयहरूमा स्मार्टबोर्ड वितरण गरी प्रविधिमैत्री शिक्षण, शिक्षक डिजिटल क्षमता विकास र नियमित अनुगमन मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।

१८. विद्यालयहरूको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण र प्रतिवेदन (**Detailed Survey & Report**) तयार गरी, स्वीकृत गुरुयोजनाका आधारमा मात्र लागत साझेदारीमा पूर्वाधार विकासका कार्यहरू गरिनेछ।

१९. विद्यार्थीको पोषण र स्थानीय अर्थतन्त्रलाई टेवा पुर्‍याउन स्थानीय स्तरमा उत्पादित कृषि सामग्री र खाद्य पदार्थमा आधारित "दिवा खाजा प्रारूप" विकास गरी लागू गरिनेछ।

२०. प्रारम्भिक बालविकास (**ECED**) तहदेखि नै बालबालिकाहरूमा हुन सक्ने अपाङ्गताको प्रारम्भिक पहिचान (**Disability Screening**) का लागि विद्यालय र स्थानीय तहको तहगत संयन्त्र निर्माण गरिनेछ।

२१. तोकिएका प्रारम्भिक बालविकास कक्षाहरूलाई बालमैत्री बनाउन आधुनिक बसाइ व्यवस्थापन र बालमैत्री "सिकाइ कुना" (**Learning Corners**) व्यवस्थापन अनुदानको प्रभावकारी कार्यान्वयन गरिनेछ।

२२. विद्यालयहरूमा शिक्षकको अभाव हुन नदिन र तत्कालै वैकल्पिक शिक्षक उपलब्ध गराउन स्थानीय तहमा "शिक्षक बैंक" (**Teacher Bank**) को अवधारणा कार्यान्वयन गरिनेछ।

२३. विद्यालयहरूमा लैङ्गिक समता र समावेशी शिक्षाको सुनिश्चितताका लागि **"बालिका तथा समावेशी शिक्षा सञ्जाल"** गठन गरी परिचालन अनुदान दिइनेछ।

२४. उपाध्यक्षसँग विद्यार्थी कार्यक्रम मार्फत विद्यार्थीहरुको लागि उत्प्रेरणात्मक कक्षा सञ्चालन गरिनेछ।

२५ **विद्यालयमा गाउँपालिका अध्यक्ष कार्यक्रमः** मार्फत प्रत्येक महिना कम्तिमा एक विद्यालयमा गाउँपालिका अध्यक्ष उपस्थित भई वि.व्य.स. पदाधिकारी, शिक्षक, विद्यार्थी र अभिभावकसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरी शैक्षिक गुणस्तर वृद्धि र विद्यार्थीहरुमा असल आचरण, अनुशासन, नैतिक शिक्षा र नेतृत्व गुण विकासमा पहल गरिनेछ।

- **स्वास्थ्यतर्फः**

१. लक्षित उमेर समुहका बालबालिकाहरुलाई तोकिएको मात्रामा खोप प्रदान गरी पुर्ण खोप सुनिश्चितता गरिनेछ।

२. प्रसुति केन्द्रमा आएका गर्भवति महिला तथा सुत्केरीहरुलाई स्वास्थ्य संस्थाबाट जिल्ला अस्पतालमा रिफरगर्दा लाग्ने एम्बुलेन्स शुल्क निशुल्क प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

३. पूर्ण संस्थागत सुत्केरीलाई प्राथमिकतामा राखी घरमा हुने सुत्केरीलाई न्यून गरी शून्यमा पुऱ्याई पूर्ण संस्थागत प्रसुति सेवायुक्त वडा सुनिश्चित गर्दै लगिनेछ।

४. हाल तीनवटा स्वास्थ्य संस्थामा सञ्चालनमा आएको eHMIS कार्यक्रमलाई अन्य स्वास्थ्य संस्थाहरूमा समेत विस्तार गर्दै लगिनेछ।

५. हाल सञ्चालनमा आइरहेको गर्भवती महिलाहरूको ग्रामीण भिडियो एक्सरे तथा रक्त परीक्षण कार्यक्रमलाई निरन्तरता गरिनेछ।

६. हाल समुदायमा नसर्ने रोगको प्रकोप बढिरहेको सन्दर्भमा यसलाई न्यूनीकरण गर्नका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७. जेष्ठ नागरिक, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हरूलाई निःशुल्क आँखा उपचारको व्यवस्था मिलाईनेछ।

८. स्वास्थ्य संस्थाबाट भइरहेको निशुल्क औषधी वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९. हाल बहाने सामुदायिक स्वास्थ्य इकाईमा संचालनमा रहेको प्रयोगशालालाई थप व्यवस्थित बनाइनेछ।

१०. स्वास्थ्यका विभिन्न सेवाहरू प्रतिकारात्मक सेवा, प्रवर्द्धनात्मक सेवा, उपचारात्मक सेवा, लगायतका सेवाहरु थप प्रभावकारी रुपमा संचालन गरिनेछ।

११. स्वास्थ्य चौकी, खोप क्लिनीक भवन, निर्माणका लागि जग्गा ब्यवस्थापन गरी भवनहरु निर्माण गरिदै लगिनेछ । कुनै पनि सार्वजनिक भवन निर्माण गर्नका लागि जग्गाको मापदण्द पुगेमा मात्र भवन निर्माणमा बजेटको व्यवस्था गरिनेछ ।

१२. सुरक्षित मातृत्व कोष मार्फत नवजात शिशु, सुत्केरी आमा लगाएतका वर्गहरुको उत्थानको निमित्त थप बजेट विनियोजन गरी प्रभावकारी बनाइनेछ ।

१३. नागरिकहरुलाई स्वास्थ्य वीमामा आवद्ध गर्न विभिन्न चेतनामुलक कार्यक्रम मार्फत प्रभावकारी वनाउन पहल गरिनेछ । स्वास्थ्य आमा समुहलाई थप सक्रीय र प्रभावकारी बनाइनेछ ।

१४. विद्यालय स्वास्थ्य शिक्षा तथा जनचेतनामूलक कार्यक्रम थप प्रभावकारी रुपमा सन्चालन गरिनेछ

- **आयुर्वेद तथा बैकल्पिक चिकित्सा**

१. नेपालको मौलिक चिकित्साको रुपमा रहेको आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिलाई थप व्यवस्थित गर्दै नौबहिनी गाउँपालिकाका सम्पूर्ण जनताको पहुँचमा हुने गरी सेवा विस्तार गर्न पहल गरिनेछ ।

२. योग तथा स्वस्थ जीवन कार्यक्रमलाई प्रत्येक वडामा थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

३. आयुर्वेद सेवामा निःशुल्क आयुर्वेद औषधि वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. पञ्चकर्म सेवा, जेष्ठनागरिक सेवा र स्तनपायी सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै स्तनपायी र जेष्ठनागरिक सेवा कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालनको लागि वर्थिङ्ग सेन्टर संचालन भएका स्वास्थ्य संस्थासँग समन्वय गरिनेछ ।

५. नौबहिनी गाउँपालिका क्षेत्रभित्र रहेका जडिबुटीहरुको अध्ययन अनुसन्धानको लागि यस विषयसँग सम्बन्धित संस्था, व्यक्तिहरुसँग सहकार्य गरी स्पष्ट पहिचान, लगत संकलन तथा प्रशोधनको लागि आवश्यक प्रस्तावना तयार गरिनेछ ।

६. यस क्षेत्रभित्र रहेका जडिबुटीहरुलाई संस्था वा व्यक्तिबाट नियमानुसार संकलन गरी तयार हुनसक्ने चूर्ण, तेल आदिको उत्पादनमा प्रयास गरिनेछ ।

७. यस क्षेत्रमा रहेका १ वर्षदेखि ५ वर्षसम्मका वालवालिकाहरुको लागि "वालवालिकाका लागि स्वर्ण विन्दु प्राशन कार्यक्रम संचालन निर्देशिका, २०८२" वमोजिम संचालन गरिनेछ ।

## आर्थिक विकास

### कृषि तथा पशुपंक्षी विकास

१. रैथाने बालीहरु कोदो, मकै, भट्टमास, गहुँ, जौं, मार्सि धान, फापर जस्ता स्थानिय रुपमा उत्पादित खाद्यबस्तुको संरक्षण र प्रवद्धन गर्नका लागि विशेष कार्यक्रम ल्याइनेछ । विद्यालयमा हाल संचालनमा रहेको दिवा खाजा कार्यक्रमलाई स्थानीय खाध्य बस्तुको उपयोग बढाउने कार्यक्रम संचालन गरिनेछ ।

२. एक वडा एक कृषि पकेट क्षेत्रको अवधारणा अगाडी बढाइनेछ। वडा नं. १ मा आलु र रायो खेति, वडा नं. २ मा अदुवा खेति, वडा नं. ३ मा कोदो खेति, वडा नं. ४ मा अलैची खेति, वडा नं. ५ मा मकै खेति, वडा नं. ६ मा सुन्तुला र चौमासिक सिमी खेति, वडा नं. ७ मा सुन्तला र टिमुर खेति एवम् वडा नं. ८ मा टिमुर खेति कार्यक्रमलाई निरन्तरता दिईने छ। साथै वेमौसमी तरकारी खेति प्रणालीलाई अगाडी बढाइनेछ ।

३. सिंचाई प्रणाली आसपासका जग्गाहरु बाँझो राख्न नपाउने व्यवस्थालाई कार्ययोजना सहित कार्यान्वयनमा लगिनेछ । खाली जमीनमा केरा, मकै, घाँस, फूल, नर्सरी संचालन लगायतका कृषिजन्य क्रियाकलाप संचालनका लागि प्रोत्साहित गरिनेछ ।

४. "माछा उत्पादनमा आत्मनिर्भर" पालिका घोषणाको लागि माछा पोखरी निर्माणमा लागतको निश्चित प्रतिशत अनुदान उपलब्ध गराउनुका साथै माछा पालनमा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

५. व्यवसायिक रुपमा काम गर्ने किसानलाई पालिकाको सम्मान र सबै किसानलाई उत्पादनमा आधारित अनुदान नीति अवलम्वन गरिनेछ ।

६. प्रत्येक वडाबाट नमुना कृषक छनौट गरी व्यवसायीक खेती र पशु पालनको लागि नमूना कृषक फर्म विकास गर्न अनुदानको व्यवस्था गरिने छ ।

७. किसानसगँ गाउँ सरकार कार्यक्रमलाई व्यवहारिक र वैज्ञानिक बनाई उत्पादनसंग जोड्दै लगिनेछ । उत्कृष्ट कार्य गर्ने किसानलाई उचित पुरस्कार र सम्मानको समेत व्यवस्था गरिनेछ ।

८. नौबहिनी गाउँपालिकाका कृषकले उत्पादन गरेका वस्तुहरुको संरक्षण र उचित भण्डारण तथा विक्रिका लागि कोशेली घर संचालन गरिने छ ।

९. कृषक र संकलनकेन्द्रबीचको समन्वयमा कृषि बजारीकरणमा सहयोग गर्न रैथाने बाली खरिद गर्ने कार्यक्रमको प्रवन्ध मिलाईने छ । उत्कृष्ट कृषकलाई पुरस्कार गर्ने कार्यक्रम गर्नुका साथै कृषक अध्ययन अवलोकन भ्रमण गरिनेछ ।

१०. स्थानीय जातको कुखुरा प्रवर्द्धन, बाख्रा प्रवर्द्धन, बंगुर प्रवर्द्धन, व्यवसायीक रुपमा भैसी प्रवर्द्धन, माछा पालन कार्यक्रम ल्याइनेछ। अण्डामा आत्मनिर्भर गाउँपालिका बनाउन विशेष कार्यक्रम ल्याइनेछ ।

११. पशु उपचार तथा परामर्श सेवा विस्तारको लागि पशुसेवा शाखाको पहुँचभन्दा टाढा रहेका स्थानहरूमा १ दिने पशु स्वास्थ्य शिविर तथा परामर्श सेवा संचालन गरिनेछ ।

१२. किसानको मागमा आधारित व्यवसायिक पशुपालन सम्बन्धी अनुदान कार्यक्रम संचालन गरिनेछ ।

१३. विश्व स्वास्थ्य संगठनको **ZERO BY THIRTY** लक्ष्य हासिल गर्न तथा बढ्दो सामुदायिक कुकुरबाट हुने हानी नोक्सानी कम गर्न सामुदायिक कुकुर वन्ध्याकरण कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१४. गाउँपालिकालाई मासुमा आत्मनिर्भर बनाउने र दुध, माछा र अण्डामा आत्मनिर्भरता तर्फ अग्रसर बनाउन किसानको उत्पादन गाउँसरकारको अनुदान कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१५. नौबहिनी गाउँपालीकाका खोलानाला भै मत्स्यपालन रहेको प्राकृतिक जलस्रोतको दुरूपयोग निरूत्साहित गर्दै व्यवसायिकतातर्फ उत्पादन स्रोत व्यवस्थापन, उत्पादनमा आधारित तथा वजारिकरण व्यवस्थापनको लागी विषेश कार्यक्रम संचालन गरिने छ ।

१६. स्वरोजगारी सिर्जना गर्न र बाख्रा पकेट विकासको लागि निजि फर्म तथा समूहहरू सक्रिय बनाई सो सम्बन्धी तालीम तथा क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन तथा पहल गरिनेछ ।

१७. निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- **उद्यम विकास, सहकारी, रोजगार र बाणिज्य**

१. "म पनि उद्यमी बन्न सक्छु" कार्यक्रम मार्फत स्थानीय श्रोतसाधनमा आधारित ढाकाजन्य व्यवसायलाई प्रविधिमैत्री बनाउदै लगिनेछ । साथै आगामी आर्थिक वर्षदेखि खादा उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाइनेछ। विभिन्न कार्यक्रमहरु जस्तै होजियारी, डलकुशन, बुटिक, डोको, नाङ्लो जस्ता कार्यक्रमलाई थप प्रविधि भित्राइ व्यावसायिकमूलक बनाइ एक घर एक उद्धमी कार्यक्रम स्थापना गर्न जोड दिइनेछ ।

२. स्थानीय रुपमा रहेको सालको पात मार्फत दुना टपरीको व्यावसायीक रुपमा निर्माण गरी डिस्पोजल पलाष्टिकजन्य सामाग्री मुक्त पालिका घोषणा गरिनेछ ।

३. गाउँपालिकामा रोजगारीको विवरण लेखाजोखा राख्नको लागी गाउँपालिका क्षेत्रभित्र हुने विकास निर्माणका आयोजनाहरुमा काम गर्ने कामदारहरूलाई गाउँपालिकामा सूचीकृत गरिने व्यवस्था मिलाईनेछ ।

४. आप्रवासी कामदार तथा तिनीहरूको परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिइनेछ । जसको लागि प्रदेश सरकार तथा संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायको लागि समन्वय, सहजीकरण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्नका लागि लक्षित कार्यक्रम संचालन/समन्वय गरिनेछ ।

५. विदेशबाट फर्केका आप्रवासी श्रमिकहरूलाई संगठित गराई उनीहरूमा भएका व्यवसायिक ज्ञान, सीप र क्षमतालाई स्थानीय स्तरमा श्रमिक तथा तिनका परिवार सम्मिलित सामाजिक संस्था/सहकारी स्थापना तथा विस्तार गरी पूँजी निर्माण, उद्यमशीलता विकास तथा व्यवसाय प्रवर्द्धन गर्न सहुलियत कर्जा व्यवस्था गर्ने नीति लिइनेछ ।

६. घरदैलो सम्म नै सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतना कार्यक्रम प्रवाह गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा समुदायस्तरमा नै पर्याप्त आय र रोजगारीका

अवसरहरू सिर्जना गर्न समन्वयात्मक रूपमा कार्यक्रम संचालन गरिनेछ। वैदेशिक रोजगारीसँग सम्बन्धित सेवाहरूलाई निरन्तरता दिनुको साथै सम्बन्धित कार्यक्रम तथा निकायहरूसँग समन्वयात्मक तवरबाट कार्य गर्ने नीति लिइनेछ ।

७. श्रम र रोजगारी क्षेत्रको समुचित व्यवस्थापनको लागि सुरक्षित आप्रवासन कार्यविधि तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाईनेछ। स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसँग सम्बन्धित विषयलाई व्यवस्थित गर्न गाउँपालिकाको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरूलाई एकीकृत रूपमा प्रवाह गरिनेछ ।

८. स्थानीय स्तरमा उत्पादित खाद्यान्नबाट संचालित हुने साना उद्योगहरुलाई व्याज अनुदानको कार्यक्रम ल्याइनेछ ।

➢ **पर्यटन**

१. नौबहिनीको स्याउलीबाङ, खलेसबाङ हुदै कोठीभिर जोड्ने क्षेत्रलाई नौबहिनीको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । नौबहिनी मन्दिर, मात्के मन्दिर, बाहुनपोल्ने क्षेत्र, कटबराह ताल, लुप्लुङ्ग बराह क्षेत्र, लुङ्गको मस्ठधाम खवाङ्गको बराहथान, नौधारा तिनचुले, झुलेनी क्षेत्र, त्रिकुटा मन्दिर, दिशापुजा, कुकुरे डाँडा जस्ता पर्यटकीय स्थलहरुको विकास र प्रवर्द्धन गर्दै लगिनेछ ।

२. गाउँपालिका क्षेत्रभित्र पहिचान भएका र हुन बाँकी रहेका पर्यटकीय क्षेत्रको पहिचान गरी आवश्यक पूर्वाधार निर्माणमा जोड दिइनेछ । साथै नौबहिनी क्षेत्रको पर्यटन पर्वर्द्धनका लागि यस क्षेत्रको उपयुक्त स्थान छनोट गरी नौबिहनी मिडिया सम्मेलन सञ्चालन गरिनेछ ।

➢ **पूर्वाधार विकास**

**१. योजना छनोट, पूर्व-तयारी तथा दिगोपना नीति**

- **आयोजनाको छनोटः** साना योजनाहरूमा भन्दा गाउँपालिकाको समृद्धिको आधार बन्ने सडक, खानेपानी र भवन जस्ता ठुला र महत्वपूर्ण आयोजना लाई मात्र प्राथमिकीकरण गरी बजेट विनियोजन गरिनेछ।
- **उपभोक्ता समिति तालिमः** उपभोक्ता समितिलाई आयोजना सम्झौता हुनुपुर्व तालिम अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- **तयारी पुगेका योजनामा बजेट बिनियोजनः** विस्तृत परियोजना प्रतिवेदन (DPR), वातावरणीय अध्ययन (IEE/GEA), जग्गाको स्वामित्व/विवाद निरुपण, र प्राविधिक दृष्टिकोणबाट उपयुक्त,

ड्रइङ/डिजाइन तथा लागत अनुमान (Estimate) स्वीकृत भएका योजनालाई वार्षिक बजेट र कार्यक्रममा समावेश गरिनेछ ।

- **वातावरणमैत्री पूर्वाधारः** ग्रामीण सडक खन्दा र मर्मत गर्दा बायो-इन्जिनियरिङ (Bio-Engineering) प्रविधि र उपयुक्त ड्रेन (Drainage) प्रणाली लागु गरेर निर्माण/स्तरोन्नति गरिनेछ साथै बायो इन्जिनियरीङ प्रविधिको प्रयोगबाट पहिरो नियन्त्रण गरिनेछ ।
- **दिगोपना र मर्मत-सम्भारः** निर्माण सम्पन्न भएका आयोजनाहरूको आयु बढाउन **"मर्मत सम्भार कोष"**को दायरा फराकिलो बनाइनेछ। नियमित मर्मत (Routine Maintenance) को वार्षिक कार्यतालिका बनाई योजना हस्तान्तरण गरिनेछ।
- **समयमै ठेक्का आह्वान र वार्षिक खरिद योजना (Annual Procurement Plan):** आर्थिक वर्ष सुरु भएको साउन महिनाभित्रै वार्षिक खरिद योजना (APP) स्वीकृत गरी असोज मसान्तभित्र सम्पूर्ण ठेक्काको सूचना प्रकाशन गरिनेछ, कार्तिक मसान्त भित्रै सम्पूर्ण ठेक्काको सम्झौता गरी कार्यादेश दिइनेछ, साथै बैशाख मसान्त भित्र योजना सम्पन्न गर्न नीति लिइनेछ।

२. **प्राविधिक कर्मचारीहरुहरूको क्षमता अभिवृद्धि कार्यक्रम**

- **नवीनतम प्रविधि र सफ्टवेयर तालिमः** कार्यक्षेत्रमा खटिने प्राविधिक कर्मचारीहरूको क्षमतालाई आधुनिक समय सापेक्ष बनाउन इन्जिनियरिङ सफ्टवेयरहरू (जस्तैः AutoCAD, GIS, र आधुनिक Estimating & Billing Softwares) को एड्भान्स तालिम सञ्चालन गरिनेछ ।
- **सार्वजनिक खरिद र सम्झौता व्यवस्थापन सम्बन्धी क्षमता विकासः** ठेक्का व्यवस्थापन र उपभोक्ता समितिका कानुनी पाटाहरूलाई स्पष्ट पार्न सार्वजनिक खरिद ऐन/नियमावली, नयाँ स्पेसिफिकेसन, दररेट निर्धारण विधि, र ई-बिडिङ (e-GP) को प्राविधिक मूल्याङ्कन प्रक्रिया सम्बन्धी सघन प्रशिक्षण दिइनेछ ।

३ आगामी वर्षदेखि लागत साझेदारीमा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

७. स्थानीय तहभित्र रहेका निजी, सामुदायिक तथा सार्वजनिक भवनहरूको जोखिम न्यूनीकरणका लागि भवन बीमा कार्यक्रम सञ्चालन गरिनेछ । साथै भवन बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरी लागू गरिनेछ ।

८. "सुरक्षित घर, सुरक्षित परिवार" भन्ने अवधारणालाई आत्मसात गर्दै भवन बिमाको दायरा क्रमशः सबै वडासम्म विस्तार गरिनेछ ।

➢ **समावेशीकरण र सामाजिक न्याय**

१.	समाजमा पछाडि परेका दलित, जनजाति, अपाङ्ग, बृद्ध, महिला लगायत वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याउन लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

२.	विकासका दृष्टिकोणले पछाडि परेका वर्ग समुदायहरुको जीवनस्तर सुधार गर्न उचित आय आर्जन एवम् नव प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको कार्य क्षमताको आधारमा सम्मान र सहयोग तथा क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

३.	गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधामा कुनै प्रकारको विभेद र अन्याय गरिने छैन । स्रोत साधनको समानुपातिक वितरण गरिनेछ । हाल वडा कार्यालयबाट वितरण गर्दै आएको सामाजिक सुरक्षा भत्तालाई थप व्यावस्थित बनाउँदै निरन्तरता दिइनेछ ।ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

४.	आगामी ४ वर्षभित्रमा बालविवाहलाई शुन्यमा पुर्याउने लक्ष्य लिई सम्पूर्ण अभिभावक विद्यालय र बालबालिकासँग विशेष कार्यक्रम संचालन गरि अभियानकै रुपमा ल्याइनेछ ।

५.	दलित, महिला अपाङ्गता जनताति तथा पिछडिएका वर्गलाई मूल प्रवाहीकरण गर्न विशेष सिपमुलक कार्यक्रम संचालन गरिनेछ । साथै एकल महिलाहरुको क्षमता विकास र आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६.	बालबालिका, सुत्केरी महिला लगायतका लक्षित वर्गहरुका लागि कुपोषणबाट जोगाउन पोषण संवेदनशील कार्यक्रम संचालन गरिनेछ ।

७.	गाउँपालिका मातहतका शाखा, स्वास्थ्य चौकी, वडा कार्यलय, विद्यालयहरुबाट गरिने कार्यक्रमहरुमा उत्कृष्ट नतिजा ल्याउने शाखा, स्वास्थ्या चौकी, वडा कार्यालय, विद्यालयहरु मध्येबाट प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने कार्यक्रम गरिनेछ ।

- **साहित्य, कला र संस्कृति**

१.	गाउँपालिकास्तरीय भाषा, कला संस्कृति सम्बन्धी क्रियाकलापहरुलाई व्यवस्थित गर्नको लागि आवश्यक संस्थागत व्यवस्था गरी उक्त संस्थाको समन्वयमा प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गरिनेछ ।

२.	मौलिक सिर्जनाका माध्यमद्वारा समाजका उपयोगी कृतिहरुको संरक्षण, विद्धानहरुको सम्मान र साहित्यिक गतिविधिहरुको प्रवर्द्धन गरिनेछ । समाजमा विद्यमान छाडा संस्कृतिको निरुत्साहित गर्दै मौलिक, हितकारी सांस्कृतिक मूल्यमान्यताको विकासका लागि विविध कार्यक्रम संचालन गरिनेछ ।

३.	गाउँपालिका भित्रका उत्कृष्ट कलाकारहरु पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने लगायतका कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । गाउँपालिका भित्र लुकेर रहेका

प्रतिभाहरुको पहिचानको लागि विभिन्न प्रकारका मैत्रीपूर्ण प्रतिस्पर्धा गरी कला, साहित्य र सिर्जनाको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

- **खानेपानी सिंचाई तथा सरसफाई**

१. गाउँपालिकाभित्रका सुख्खा वा सिंचाईविहिन स्थानमा आवश्यकताको आधारमा सिंचाई सुविधा उपलव्ध गराउने व्यवस्था मिलाईनेछ ।

२. गाउँपालिकाको सम्पूर्ण बस्तीहरुमा सुरक्षित खानेपानीको व्यवस्था गरी एक घर एक धाराको सुनिश्चितता गरिनेछ ।

३. खानेपानीका मुहानहरुको पहिचान गरी ती क्षेत्रहरुको संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ । खानेपानी योजनाहरुको दिगो उपयोग एवंम संरक्षण गर्न उपभोक्तालाई आवश्यक तालिम प्रदान गरिनेछ ।

- **वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन एवं प्रकोप व्यवस्थापन**

१. बाढी पहिरोबाट जोखिममा रहेका क्षेत्रहरुको पहिचान भएका, त्यस्तो स्थानमा रहेका बस्तीहरुलाई पुनर्स्थापनाका साथै बस्ती स्थानान्तरण गर्ने योजना निर्माण गरिनेछ ।

२ तयार भएको प्रकोप प्रतिकार्य योजनालाई अध्यावधिक गरी कार्यान्वयन गरिनेछ । प्रकोपमा क्षति व्यहोर्ने घर परिवारलाई राहत उपलब्ध गराउन तयार भएको मापदण्ड अनुसार राहत तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

३. बाढी पहिरो नियन्त्रण गर्न वृक्षारोपण लगायतका कार्यलाई व्यवस्थित बनाइनेछ ।

४. स्वच्छ नौबहिनी हराभरा नौबहिनी भन्ने नाराका साथ यस गाउँपालिकालाई हरियाली क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ । वातावरण संरक्षण र जैविक विविधताको संरक्षणको लागि विशेष पहल गरिनेछ ।

६. गाँउपालिकाको विभिन्न बजार ईलाकाहरुमा उत्पादन हुने फोहोरलाई उपर्युक्त ढंगले व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइड निर्माणका साथै फोहोरलाई घरबाटै कुहिने र नकुहिने गरी जैविक र अजैविक फोहोरको रुपमा अनिवार्य रुपमा छुट्याउने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ । कुहीने फोहोरलाई अर्गानिक मलको रुपमा उत्पादन गरिनेछ ।

७. नदी कटान नियन्त्रण गर्न नदी किनारहरुमा बाँस लगायत उपयोगी बिरुवाहरु लगाउने, जोखिममा रहेका बस्तीहरुलाई पहिरो नियन्त्रण गर्न आवश्यक तारजालीको व्यवस्था मिलाईनेछ ।

८. विकास निर्माणका गतिविधिहरु संचालन गर्दा जैविक विविधता, पारिस्थितिक पद्धति एवम् वातावरण सन्तुलन कायम हुने गरी अगाडी बढाइनेछ ।

९. जलवायु परिवर्तनबाट सिर्जित असरहरुलाई न्यूनिकरण गर्न स्थानीय रुपमा जलवायु अनुकूलन कार्यक्रम संचालन गरिनेछ । कुलाखोला सामुदायीक वन उपभोक्ता समिति र वन डिभिजन कार्यलयसंगको सहकार्यमा नर्सरी स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

१०. एक वडा एक रिचार्ज पोखरी निर्माण गरिनेछ ।

- **वित्तिय व्यावस्थापन**

१. चालु आर्थिक वर्षसम्म फछ्र्यौट गर्न बाँकी रहेको बेरुजुलाई क्रमशः फछ्र्यौट गर्दै लगिनेछ ।

२. हरेक मासिक रुपमा आय व्यय विवरण सम्बन्धित निकायमा पेश गरिनेछ । साथै कार्यालयको वेभसाइट मार्फत अध्यावधिक गरिनेछ । राजस्व प्रशासनलाई थप प्रभावकारी बनाई दर भन्दा दायरा विस्तार गर्नमा पहल गरिनेछ ।

३. नौबहिनी गाउँपालिकाबाट आगामी आ.व. देखि स्थायी लेखा नम्बर PAN सम्वन्धी सेवा शुरु गरिनेछ । ।

४. तेस्रो पक्षबाट कार्यान्वयन गर्नुपर्ने भनी नतोकिएका एवं संघ संस्थाहरुको लागत साझेदारी नहुने योजना तथा कार्यक्रमहरु गाउँपालिकाका सम्बन्धित शाखाबाट प्रचलित सार्वजनिक खरिद विधि अनुरुप सञ्चालन गरिनेछ ।

५. हाल वडा कार्यालयबाट कार्यान्वयन भएका सवै प्रकारका कर राजस्व प्रणालीलाई पालिकाको प्रशासकीय भवनबाट पनि भुक्तानी गर्न सकिने व्यवस्था मिलाईनेछ ।

- **सहकार्य र समन्वय**

विकास निर्माणका साझा गतिविधिहरुमा छिमेकी पालिकाहरु साथै अन्य क्षेत्रहरुमा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था एवम् निजी क्षेत्रसंग सहकार्य र समन्वय गरी अगाडी बढाइनेछ ।

- **सूचना प्रविधि, सेवा प्रवाह र सुशासन**

१. चौमासिक र वार्षिक रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण जस्ता कार्यक्रमलाई नियमित गरिनेछ ।

२ कार्यसम्पादनको आधारमा वार्षिक तथा मासिक रुपमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ । त्यसको लागि एक पुरस्कार समिति गठन गरिनेछ । साथै हरेक महिना कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन कार्ड बनाइ लागु गरिनेछ ।

३. कार्यालयको अभिलेख प्रणालीलाई डिजिटलाईजेसन गर्दै लगिनेछ । कर्मचारिहरुको क्षमता विकास गर्न उचित तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

४. प्रत्येक वडा कार्यालयहरुबाट अनलाईन सेवा प्रवाहलाई थप प्रभावकारी बनाउदै क्रमश अगाडी बढाइनेछ ।

५. कार्यालयको Website मार्फत गाउँपालिकाको नीति, नियम कार्यक्रम एवं सम्पूर्ण आयव्यय विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ। आगामी आर्थिक वर्ष देखि दर्ता चलानी प्रणालीलाई अटोमेशन प्रणालीमा रुपान्तरण गरिनेछ ।

६. आर्थिक वर्षको सुरुवातमै अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच तथा प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीहरुबीच कार्यसम्पादन करार सम्झौता गरिने व्यावस्था मिलाईनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजक एवम सदस्यज्यूहरु, वडा अध्यक्ष एवं कार्यपालिका सदस्यज्यूहरु ,वडा सदस्य तथा अन्य कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत नीति तथा कार्यक्रम लागू भई नौबहिनी गाउँपालिकाको समृद्धिको सपना साकार हुने विश्वास लिएको छु ।

"सभ्य, समृद्ध र सुखी नौबहिनी"

धन्यबाद!!!

**दिल बहादुर थापा**
**अध्यक्ष**
**नौबहिनी गाउँपालिका बाहाने, प्यूठान ।**